# 多言語情報コーナー　　　　　　　　　　（令和８年　５月号）

## (१) कर भुक्तानी सूचनापत्र (नोउजेइ चुउचि-स्यो) जारी गरिने बारे जानकारी!

यो मे महिना करको भुक्तानीहरु धेरै हुनेमहिना हो। सर्वप्रथम, सवारीसाधन कर र हल्का सवारीसाधन कर हो। गाड़ी र साना सवारीसाधन हुने व्यक्तिहरुको ठेगानामा, यहि मे महिनाको १ तारीखमा तोचिगी-केन (प्रान्त)ले सवारीसाधन करको "कर भुक्तानी सूचनापत्र" र मे महिनाको १४ तारीखमा तोचिगी नगरपालिकाले हल्का सवारीसाधनको "कर भुक्तानी सूचनापत्र पठाऊनेछ।

यो पत्रमा तपाईंले कति कर तिर्नुपर्छ र कहिलेसम्ममा तिरिसक्नुपर्छ भन्ने कुरा लेखिएकोहुन्छ। भुक्तानी गर्ने अन्तिम मिति जुन १ तारिख सम्म हो, अवश्यपनि म्याद सम्ममा कर तिर्नुहोला।
यी करहरू बैंक, कन्भिनियन्स स्टोरका साथै क्रेडिट कार्ड वा PayPay जस्ता स्मार्टफोन पेमेन्ट एपहरूबाट पनि तिर्न सकिन्छ।

अर्को, सम्पत्तिकर र शहरी योजनाकर हो । मे महिनाको १५ तारीखमा, तोचिगी नगरपालिकाले घर तथा जग्गा भएका मानिसहरूलाई सम्पत्तिकर र शहरी योजनाकरको लागि "कर भुक्तानी सूचनापत्र" पठाउनेछ।

यो पत्र प्राप्त गरेपछि, तपाईंले कति र कहिले तिर्नु पर्छ भनेर जाँच गर्नुहोला। तपाईंले एकैचोटी सम्पूर्ण रकम वा चारकिस्तामा गरि तिर्न सक्नुहुन्छ। यदि एकैचोटी सम्पूर्ण रकम भुक्तानी गर्नेहो भनेपनि वा चार किस्तामा तिर्नेहो भने सोको पहिलो किस्ता (दुबैको) भुक्तानी गर्ने अन्तिम मिति यहि जून महिनाको १ तारिख हो।

यदि तपाईंसँग कुनै प्रश्नहरू छन् भने, नगरपालिकाको सम्पत्ति कर विभाग (सिसान्-जेइ-का) मा सम्पर्क गर्नुहोला।

## (२) माई-नम्बर कार्डको नवीकरण तथा नयाँ आवेदन बारे जानकारी!

यदि तपाईं तोचिगी शहरको बासिन्दाको रूपमा दर्ता हुनुहुन्छ र नयाँ माई-नम्बर कार्डको लागि आवेदन दिँदै हुनुहुन्छ वा आफ्नो कार्ड नवीकरण गर्दै हुनुहुन्छ भने, शियाकुस्योमा नगई शहरका २९ वटा हुलाक कार्यालयहरूमा त्यसको लागि आवेदन फारम बिना नै आवेदन दिन सक्नुहुन्छ।

साथै, यदि तपाईंसँग आवेदन फारम छ भने, तपाईं आफ्नो स्मार्टफोन वा कम्प्युटर प्रयोग गरेर आफैं आवेदन दिन सक्नुहुन्छ।

यद्यपि, कृपया निम्न कुराहरूमा ध्यान दिनुहोला।

* हुलाक कार्यालय मार्फ़त आवेदन दिन, तपाईंलाई पायकपर्ने हुलाक कार्यालयमा सीधै फोन गरेर अग्रिम रूपमा आरक्षण गर्नुपर्छ।
* आवेदन दिएको लगभग एक महिना पछि, प्राप्त गरिने "जारी गरिने सूचनापत्र" साथमा लिएर, शियाकुस्योको प्रधानकार्यालयको सिमिन् सेइकाचु-का, अथवा प्रत्येक सोउगोउ-शिस्यो (शियाकुस्योका शाखा कार्यालय) को चिइकी-जुकरी सुईसिन्-कामा (सामुदायिक विकास प्रवर्धन शाखामा) गएपछि कार्ड प्राप्त गर्न सकिनेकछ।
* हुलाक कार्यालयमा, तपाईंको माई-नम्बर कार्डमा रहेको इलेक्ट्रोनिक प्रमाणपत्रको नवीकरण भने गर्न सकिँदैन।
* हुलाक कार्यालयमा तपाईंको माई-नम्बर ड्राइभिंग इजाजतपत्रको निरन्तर प्रयोगको लागि आवेदन दिन सकिँदैन।

## (३) साइकल ट्राफिक उल्लङ्घन सूचना प्रणाली "निलो टिकट" बारे जानकारी!

यो बहुभाषिक सूचना कर्नरको मार्च अंकमा प्रकाशित जानकारीको पुनः पुष्टिकरण भएको र साइकल चालकहरूको लागि धेरै महत्त्वपूर्ण जानकारी हो।

यहि बर्ष सन् २०२६ साल अप्रिल महिनाको १ तारीख देखि, साइकलको ट्राफिक उल्लङ्घनमा "ट्राफ़िक उल्लङ्घन सूचना प्रणाली", जसलाई "निलो टिकट" पनि भनिन्छ, लागू गरिएकोछ।

ट्राफिक नियम उल्लङ्घन गर्नेहरूलाई प्रहरी अधिकारीले उल्लङ्घन तथ्यहरूका विवरण सहित "निलो टिकट" र अस्थायी जरिवाना तिर्न बैंक वा हुलाक कार्यालयमा लैजान "भुक्तानी पर्ची" जारी गर्नेछन्।
उल्लङ्घन गरेको फेला पार्ने प्रहरी अधिकारीले घटनास्थलमा नगद जरिवाना माग गर्ने छैन।

कारवाहीमा परेको भोलीपल्ट देखि सिद्धान्तमा सातदिन भित्रमा जरिवाना रकमको अस्थायी भुक्तानी गरिसक्नु पर्छ। यसरी बैंक वा हुलाक कार्यालयमा गएर, जरिवाना तिर्ने प्रक्रियालाई अस्थायी भुक्तानी भनिन्छ। जरिवानाको अस्थायी भुक्तानी नगरेमा, त्यसको परिणाम फौजदारी कार्यवाहीमा परेर अन्तमा दोषी करार भईन्छ।

साइकलको निलो टिकट प्रणाली १६ वर्ष र सोभन्दा माथिका चालकहरूलाई लागू हुन्छ।

मुख्यतया लाग्ने जरिवानाहरु, साइकल चलाउँदै स्मार्टफोनमा कुरा गर्ने वा स्क्रिनमा घोरिएर हेर्ने जस्ता कार्य गरेको फेलापरेमा १२,००० येन, रातो सिग्नल बत्तीमा सड़क पारगरेमा ६,००० येन, छाता ओढेर वा इयरफोन लगाएर चलाएमा ५,००० येन, स्टप साईनमा एकछिन टक्क नरोक्दा, सडकको दायाँ छेउबाट चलाऊँदा, बेलुकी बत्ती बिना चलाऊँदा ३,००० येन र दुई लाईनमा (नारिएर) चलाऊँदा ३,००० येन आदि रहेकाछन्।

यि ट्राफिक नियमहरू, दुर्घटना नघटाउन र दुर्घटनामा नपर्नकालागि हुन्।

ट्राफिक नियमहरूको निश्चित रूपले पालना गरौं।